**Palpa Cement Industries Ltd.**

तानसेन सिमेन्ट

Ref. No:

मिति: २०८३/०१/२८

**श्री नेपाल स्टक एक्सचेञ्ज लिमिटेड,**
**सिंहदरवार प्लाजा, काठमाण्डौ।**

विषय: वार्षिक साधारण सभा सम्बन्धी सूचना पेश गरिएको बारे ।

महोदय,
यस श्री पाल्पा सिमेन्ट इन्डष्ट्रिज लिमिटेडको मिति २०८३/०१/२५ गते साँझ ४:०० बजे बसेको सञ्चालक समितिको ७२ औं बैठकले गरेको निर्णय अनुसार आयोजना हुन गइरहेको वार्षिक साधारण सभाको सूचना यसै पत्रसाथ संलग्न गरी पेश गरिएको व्यहोरा अनुरोध गर्दछौं ।

संलग्न:
१. वार्षिक साधारण सभाको सूचना प्रतिलिपि - १ प्रति ।
धन्यवाद।

भवदीय,

PALPA CEMENT INDUSTRIES LTD.

**बोधार्थ:**
**१. श्री सिडियस एण्ड क्लियरिङ्ग लिमिटेड, काठमाण्डौ।**

# पाल्पा सिमेन्ट इण्डष्ट्रीज लिमिटेड

# Palpa Cement Industries Limited

**रजिष्टर्ड कार्यालय : का.म.न.पा.वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाण्डौं, नेपाल**

**उद्योग रहेको स्थान : सुनुवल, आदर्श ७, नवलपरासी**

**फोन नं. +९७७-१४१०१६८५/+९७७-१४१०१६८६, इमेल** : info@rmcnepal.com, **वेभसाइट** : www.tamsencement.com


## पाचौ वार्षिक साधारण सभा सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः २०८३/०१/२९ गते

आदरणीय शेयरधनी महानुभावहरु,

यस कम्पनीको मिति २०८३/०१/२५ मा सम्पन्न सञ्चालक समितिको ७२ औं बैठकको निर्णय अनुसार यस कम्पनीको पाचौं वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा निम्न विषयहरुमा छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ बमोजिम सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी एवम् उपस्थितीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**(क) साधारणसभा हुने मिति, समय र स्थानः**

**मितिः** २०८३/०२/१९ गते, (तदनुसार २ जुन, २०२६) मंगलबार।

**समयः** दिउसो १:०० बजे।

**स्थानः** Hotel Mahamaya Crown, सुनवल -४, नवलपरासी।

**(ख) साधारणसभामा पेश हुने प्रस्तावहरुः**

**(अ) साधारण प्रस्तावहरुः**

(१) सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूले पेश गर्न हुने कम्पनीको आ.व. ०८१/०८२ को प्रतिवेदन सम्बन्धमा।

(२) कम्पनीको आ.व. २०८१/०८२ को लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा।

(३) कम्पनीको आ.व. २०८२/०८३ को लेखापरीक्षकको नियूक्ति गर्ने निजको पारिश्रमिक निर्धारण सम्बन्धमा।

(४) कम्पनीको सञ्चालक समितिबाट आ.व. २०८१/०८२ मा गरेका निर्णयहरु अनुमोदन गर्ने सम्बन्धमा।

(५) कम्पनीको स्वीकृत नियमावलीको नियम ४७ मा भएको व्यवस्था अनुसार यस कम्पनीमा कुनै फर्म वा कम्पनीलाई गाभ्न वा अन्य कुनै फर्म वा कम्पनीसंग गाभिन (मर्जर/ एक्विजिसन) समेतको कार्य गर्नका लागि कम्पनीको तर्फबाट सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धमा।

(६) कम्पनीको सञ्चालक समिति तथा उप-समितिहरुको पारिश्रमिक, भत्ता र सुविधा निर्धारण गरी स्वीकृत गर्ने सम्बन्धमा।

(७) यस कम्पनीको सर्व साधरण शेयरधनीको तर्फबाट प्रतिनिधित्व गर्ने १ (एक) जना सहित जम्मा ४ जना सञ्चालकहरुको निर्वाचन/ मनोनित गर्ने सम्बन्धमा।

(८) स्वतन्त्र सञ्चालकको नियूक्तिलाई अनुमोदन गरी पारीत गर्ने सम्बन्धमा।

(९) विविध।

**(आ) विशेष प्रस्तावहरुः**

(१) कम्पनी ऐन, २०६३ को दफा १०५(१) को खण्ड (ख) बमोजिम कम्पनीको चूक्ता पुँजी तथा सञ्चित मुनाफाको कुल रकम भन्दा बढी ऋण लिने सम्बन्धमा।

(२) कम्पनी ऐन, २०६३ को दफा १०५(१) को खण्ड (ग) बमोजिम कम्पनीको सीमाभन्दा बढी दिएको चन्दा अनुमोदन गर्ने सम्बन्धमा।

(३) कम्पनीको स्वीकृत प्रवन्धपत्रको दफा २ तथा स्वीकृत नियमावलीको नियम २ संशोधन गर्ने सम्बन्धमा।

(४) कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ४ (१) को खण्ड (ण) पछि खण्ड (त) थप गरी संशोधन गर्ने सम्बन्धमा।

(५) कम्पनीको स्वीकृत प्रबन्धपत्रको दफा ६ (घ) संशोधन गर्ने सम्बन्धमा।

(६) कम्पनीको स्वीकृत नियमावलीको नियम २३ (१) संशोधन गर्ने सम्बन्धमा।

(७) कम्पनीको स्वीकृत नियमावलीको नियम २७ (२) संशोधन गर्ने सम्बन्धमा।

(८) विवध।

**सञ्चालक समितिको आज्ञाले,**
**कम्पनी सचिव**

## वार्षिक साधारण सभा सम्बन्धी अन्य जानकारी

१. साधारण सभामा भाग लिने प्रयोजनका लागि मिति २०८३/०२/०५ गते मंगलबार एक दिन कम्पनीको शेयरधनी दर्ता किताब बन्द (Book Close) रहनेछ। नेपाल स्टक एक्सचेन्ज लि. मा मिति २०८३/०२/०४ गतेसम्म कारोबार भई शेयर खरीद गरी आफ्नो नाममा शेयर नामसरी भई आएको शेयरधनीहरु सो सभामा भाग लिन सक्ने छन्।

२. साधारण सभामा उपस्थित हुने सम्पूर्ण शेयरधनी वा प्रोक्सीले शेयर प्रमाणपत्र वा डिम्याट खाताको विवरण र आफ्नो परिचय खुल्ने सक्कल प्रमाणपत्र (जस्तैः नागरिकता प्रमाणपत्र वा अन्य कुनै सरकारी निकायबाट जारी भएको फोटो सहितको सक्कल परिचयपत्र) अनिवार्य रुपमा साथमा लिई आउनु पर्नेछ, सभा शुरु हुनुभन्दा १ घण्टा अगावै सभास्थलमा आई पुग्नु पर्नेछ। अन्यथा सभाकक्ष भित्र प्रवेश गर्न पाइने छैन।

३. साधारण सभामा भाग लिनको लागि प्रतिनिधि (प्रोक्सी) नियूक्त गर्न चाहने शेयरधनीहरुले प्रोक्सी फारम भरी सभा शुरु हुन तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कार्यालय समयभित्र कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा., वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौंमा दर्ता गरिसक्नु पर्नेछ। त्यसरी प्रतिनिधि नियूक्त गरी सकेपछि उक्त प्रतिनिधि बदर गरी अर्को प्रतिनिधि मुकरर गर्न परेमा सभा शुरु हुने भनि तोकिएको समय भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको कार्यालय समय भित्र दर्ता गरेमा वा आफू स्वयं साधारण सभामा उपस्थित हुन आएमा त्यस्तो शेयरधनीले गरी दिएको अघिल्लो प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। कुनै शेयरधनीले एकभन्दा बढी व्यक्तिलाई प्रतिनिधि नियूक्त गरेको भएमा निज स्वयंले अन्य प्रतिनिधि (प्रोक्सी) बदर गरी एउटा कायम गरेको अवस्थामा बाहेक त्यस्ता सबै प्रतिनिधि (प्रोक्सी) हरु स्वतः बदर हुनेछन्। प्रतिनिधि (प्रोक्सी) मुकरर गर्दा आफ्नो सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्तिलाई नियूक्त गर्नु पर्नेछ। कुनै किसिमबाट प्रोक्सी छुट्याई दिएमा छुट्याएको सबै प्रोक्सी बदर गरिनेछ।

४. नाबालक वा अशक्त शेयरधनीहरुको तर्फबाट यस कम्पनीको शेयरदर्ता किताबमा संरक्षकको रुपमा नाम दर्ता भएको व्यक्तिले मात्र सभामा भाग लिन र प्रतिनिधि नियूक्त गर्न सक्नेछ।

५. संयूक्त रुपमा शेयर खरिद गरिएको अवस्थामा शेयरधनीको दर्ता किताबमा पहिले नाम उल्लेख भएको व्यक्ति अथवा सर्वसम्मतीबाट तोकिएको एक व्यक्तिले मात्र सभामा भाग लिन, प्रतिनिधि (प्रोक्सी) नियूक्ती गर्न पाउनेछ।

६. यस कम्पनीको शेयर खरिद गरेको संगठित संस्था वा कम्पनीले सभामा भाग लिनको लागि प्रतिनिधि नियूक्त गर्न सक्नेछ। प्रतिनिधि नियूक्त गर्ने संगठित संस्था वा कम्पनीले त्यस्तो संस्था वा कम्पनीको छाप सहितको अख्तियारप्राप्त व्यक्तिको दस्तखत गरेको पत्र लिई उपस्थित हुनु पर्नेछ।

७. सभामा भाग लिन प्रतिनिधि नियूक्त गरी सकेपछि सम्बन्धित शेयरधनीले प्रतिनिधि फेरवदल गर्न चाहेमा सभा शुरु हुनुभन्दा कम्तिमा ४८ घण्टा अगावै सोको सूचना कम्पनीको रजिष्टर्ड कार्यालय, का.म.न.पा., वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौंमा दर्ता गरी सक्नु पर्नेछ। अन्यथा प्रतिनिधि फेरवदल हुन सक्ने छैन। तर, सभामा सम्बन्धित शेयरधनी स्वयम् उपस्थित हुन आएमा शेयरधनीले नियूक्त गरेको प्रतिनिधी (प्रोक्सी) स्वतः बदर हुनेछ।

८. छलफलका विषयसूची मध्ये विविध शीर्षक अन्तर्गत कुनै विषयमा छलफल गर्नु पर्ने भएमा ईच्छुक शेयधनीले सभा हुनुभन्दा ७ (सात) दिन अगावै छलफलको विषय कम्पनी सचिवमार्फत सञ्चालक समितिको अध्यक्षलाई लिखित रुपमा दिनु हुन अनुरोध छ।

९. कम्पनीको आर्थिक वर्ष २०८१/०८२ को वार्षिक प्रतिवेदन पुस्तिका यस कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं. ११, सेन्ट्रल बिजनेस पार्क, थापाथली, काठमाडौंमा वा शेयर रजिष्ट्रार नबिल इन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नक्साल, काठमाण्डौंबाट प्राप्त गर्न सक्नुहुनेछ। कम्पनी ऐन, २०६३ को दफा ८४ को प्रयोजनार्थ संक्षिप्त आर्थिक विवरण शेयरधनीको जानकारीको लागि यसै साथ प्रकाशित गरिएको छ। साथै वार्षिक प्रतिवेदन पुस्तिका लगायतका वार्षिक साधारण सभामा पेश हुने प्रस्तावहरु कम्पनीको वेबसाईट www.tansencement.com मा हेर्न र डाउनलोड गर्न सकिनेछ।

१०. सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने सञ्चालकहरको निर्वाचन सम्बन्धी कार्यक्रम निर्वाचन अधिकृतले तोके बमोजिम कम्पनीको केन्द्रीय/ रजिष्टर्ड कार्यालयः का.म.न.पा. -११, थापाथली काठमाडौंमा प्रकाशित गरिनेछ।

११. सञ्चालक पदको निर्वाचनमा उम्मेदवार हुन कम्पनी ऐन, २०६३, प्रचलित कानून र कम्पनीको प्रबन्ध पत्र तथा नियमावली बमोजिम सञ्चालक हुन योग्य हुनु पर्नेछ।

१२. सञ्चालक पदको निर्वाचन सम्बन्धी कार्यहरु कम्पनीको सञ्चालक निर्वाचन सम्बन्धी निर्देशीका, २०८३ तथा अन्य प्रचलित ऐन कानून बमोजिम हुनेछ।

१३. शेयरधनीहरुले व्यक्त गरेका मन्तव्य वा प्रश्नहरुको सम्बन्धमा सञ्चालक समितिको तर्फबाट सामूहिक रुपले सञ्चालक समितिको अध्यक्षले वा अध्यक्षले तोकेको व्यक्तिले जवाफ दिनु हुनेछ।